# खण्ड १: भूमिका

## १.१ पृष्ठभूमि

नेपालका धेरैजसो नगरपालिकाहरु शहरी सेवा सुविधा, सडक संजाल, सुरक्षित खानेपानी, सरसफाई, फोहोरमैलाको उचित प्रवन्ध, सामाजिक पूर्वाधार तथा मनोरञ्जनात्मक सुविधा जस्ता पूर्वाधारहरुबाट वञ्चित छन् । शहरीकरणका विविध वहिर्भावहरु (Externalities) बाट प्रभावित यस्ता नगरपालिकाहरु विविध वातावरणीय चुनौतीहरुसँग पनि जुझिरहेका छन् । अनियन्त्रित वा असंरचित विकासका कारण धेरैजसो खोला-नालाहरु, समथल भूमि, ताल एवं पोखरी जस्ता जलाशयहरु एकातिर तीव्र अतिक्रमित हुँदै गैरहेका छन् भने अर्कोतिर यस्ता क्षेत्रहरूमा ढल-नाला एवं फोहोर-मैलाको अव्यवस्थित मिल्काईले प्रदुषित समेत बन्दै गईरहेका छन् ।

कतिपय ठूला नगरपालिकाहरुले धेरै अगाडि देखि नै अव्यवस्थित यातायात, वायुको ह्रासोन्मुख गुणस्तर जस्ता कारणहरूबाट वातावरणीय क्षयताको नतिजा भोगिसकेका छन् । आवासकोलागि जंगल क्षेत्र, खोलाको बगर, सार्वजनिक जग्गा लगायत ऐतिहासिक भवन जस्ता सार्वजनिक धरोहर माथिको गैर कानुनी अतिक्रमणले गर्दा प्राकृतिक तथा मानव निर्मित वातावरणलाई प्रत्यक्ष रुपले नकारात्मक असर पुऱ्याई रहेको छ । आन्तरिक द्वन्दको परिणाम स्वरुप विस्थापित व्यक्तिहरुको शहरमुखि आगमनले समेत यस्ता गैर कानुनी आवासको समस्या अझ भयावह रुपले थपिएको छ । एकातिर अव्यवस्थित शहरीकरणले खेतीयोग्य जमिनको ह्रासता बढ्दो छ भने कतिपय शहरी क्षेत्रहरू स्व-रोजगारका अवसरहरू तथा खाद्य परनिर्भरता निम्त्याउने कारक तत्वको रुपमा स्थापित हुदै गैरहेका छन् । जनसंख्या वृद्धिको उर्धगति र आशातित आर्थिक विकासका प्रतिफल बीच सामाञ्जश्यता कायम गर्न नसकिएको परिणामस्वरुप धेरै नगरपालिकाकालागि शहरी गरिबी प्रमुख चुनौतीका रुपमा स्थापित हुँदै गइरहेका छन्, यस्ता कारणले नगरपालिकाहरूका विकासका प्रयासहरु वृहत्तर रुपमा कमजोर सावित भएका छन् ।

नगरपालिकाका आजसम्मका विकासका प्रयासहरू योजनावद्ध तथा समन्वयात्मक भन्दा पनि क्षणिक समस्या निराकरण गर्ने दिशातिर अघि बढेका देखिन्छन् । विशेषतः मानव संशाधन प्रतिको कमजोर संस्थागत क्षमता, न्यून प्राविधिक तथा आर्थिक श्रोतहरु नै कमजोर प्रस्तुतिकरणको प्रमुख कारक तत्वको रुपमा रहेको पाईन्छ । समग्रमा, दीर्घकालीन विकासका सोचहरु वा व्यवस्थित योजनाहरुको अभावले नगरपालिकाको कार्य असंयोजित क्रियाकलाप जस्तो हुन गएको देखिन्छ जसले नगरपालिकाको विकास प्रयासहरू न्यून उपलब्धिपूर्ण र सीमित अवसरयुक्त सावित भएका छन् । नगरपालिकाका विगतको "एकिकृत कार्यमूलक योजना" (IAP: Integrated Action Planning) मूलतः भौतिक पक्षसँगमात्र लक्षित रहेको देखिन्छ । विशेषतः वडास्तरको समस्याप्रति परिलक्षित यो क्ष्बए ले पनि नगरस्तरको दूरगामी लक्ष्य तथा आकांक्षालाई समेट्न सकेन । IAP ले केही नगरपालिकाहरुका भौतिक पक्षहरु सुधारोन्मुख गराएतापनि शिक्षा, स्वास्थ्य जस्ता कतिपय समाजिक समस्याहरुप्रति कम उपलब्धिमूलक रह्यो, र भौतिक र सामाजिक विकास बीचको गहिरो खाडल पुर्न असफल देखियो । विगतका प्रयासहरु सामाजिक समावेशिता, शहरी गरिबी न्यूनीकरण, वातावरणीय संरक्षण, आर्थिक विकाश तथा परिचालन, नगरपालिकाको क्षमता अभिवृद्धि गर्ने जस्ता मूल मुद्दावाट अलग रहेको पाईन्छ । परिमाणतः धेरै नगरपालिकाहरु समग्र विकासको अवधारणका साथसाथै राष्ट्रिय विकासको मूल प्रवाहमा अहम योगदान गर्नबाट चुक्न गएको देखिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले नगरपालिकाको योजनामा पुनर्सोच गरी सीमितताबाट छुटकारा प्राप्त गरिनुपर्ने कुरामा जोड दिएको छ । ऐनले स्पष्ट रुपमा सहभागितात्मक विकासको आवश्यकता र नगरपालिकाको भौतिक विकासमा दीर्घकालीन सोचसंग सामञ्जश्यता राखी प्राप्त गरेको विस्तृत आवधिक योजना, विषयगत उद्धेश्यहरू तथा कार्यक्रमहरूलाई समावेश गरिनु पर्ने कुरामा जोड दिएको छ । यसबाहेक आवधिक योजनाले वडास्तर भेलाबाट प्राप्त तत्काल सम्वोधन गरिनुपर्ने क्षेत्रका सम्बन्धलाई निराकरण गर्ने र अल्पकालीन कार्ययोजनासँग पनि सामाञ्जश्यता कायम गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी, स्थानीय स्वायत्त शासन नियमावली २०५६ पनि ५ वर्षको कार्यतालिका समाविष्ट रहेको आवधिक योजना तथा योजना निर्माण र स्वीकृतिको प्रक्रिया समेतको आवश्यकताप्रति निर्दिष्ट छ ।

दशौं योजना (२००२-२००७) ले नगरपालिकाको आवधिक योजना (Periodic Plan) निर्माणको प्राथमिकता लगायत आवश्यकिय प्राविधिक सहयोगको समेत व्यवस्था गरेको छ । सन् २००२ मा स्थानीय विकास मन्त्रालयद्वारा आवधिक योजना तयार गर्ने निर्देशिका समेत तयार तयार भएको छ । यद्यपि अधिकांश नगरपालिकाले आफ्नो आवधिक योजना तर्जुमाको थालनी उक्त निर्देशिकाको भावना अनुरुप पूर्णत पालना गरेको

भेटिदैन । पछिल्लो समयमा शहरी विकास तथा भवन निर्माण विभाग (श.वि.तथा भ.नि.वि.), (DUDBC: Department of Urban Development and Building Construction) ले स्थानीय विकास मन्त्रालय, जर्मन संस्था GTZ/udle (Urban Development through Local Efforts) तथा सम्वन्धित नगरपालिकासँग मिलेर नगरपालिकाको आवधिक योजना तयार गर्ने प्रयासको थालनी गरेको छ ।

विभिन्न संस्थाहरुका असंयोजित प्रयासहरुका साथसाथै संस्थागत विशेषिकृत स्वार्थहरुप्रतिको झुकावले नगरपालिकासंग संवद्ध कर्मचारीहरुमा चेतना जगाउने कार्य लगायत आवधिक योजना तर्जुमाको महत्व समेतलाई कम गराएको छ । एकातिर सीमित तथा असंरचित आर्थिक प्रयासले धेरै नगरपालिकाहरुका कार्यक्रमहरु प्रभावित छन् भने अर्कोतिर मौजुदा सीमितताले आवधिक योजना कार्यक्रमको थालनी, संस्थाहरु बीच वृहत्तर संयोजन तथा सहकार्यलाई अभियानको रुपमा अगाडि लैजानु पर्ने आवश्यक्ता समेतलाई वोध गराईदिएको छ । आवधिक योजनाको अभावमा विषयगत लगानी माथि संयोजन गर्न समस्या उब्जिएको छ जसले नगरपालिका क्षेत्रको विकासमा समेत अवरोध श्रृजना गरेको छ ।

यस परिप्रेक्ष्यमा एउटा दीर्घकालीन नीतिको प्रारब्ध स्वरुप श.वि.तथा भ.नि.वि.ले नगरपालिका क्षेत्रको वर्तमान जनजीवनलाई उच्च गुणस्तरतर्फ अभिमुख गर्न आवधिक योजनाको तर्जुमा गरी नियोजित विकास गर्न आर्थिक तथा प्राविधिक सहयोगहरु उपलब्ध गराईरहेकोछ । आर्थिक वर्ष २०६४/६५ देखि नगरपालिकाहरुको आवधिक योजनाको प्रचारप्रसार र तर्जुमा समेत गर्नमा श.वि.तथा भ.नि.वि., जर्मन गैसस जी.टि.जेड. को यु.डि.एल.ई. कार्यक्रम, नेपाल नगरपालिका संघ, स्थानीय विकास मन्त्रालय तथा नगरपालिकाहरुबीच आपसी सहकार्य भैरहेको छ । नगरपालिकाहरुको आवधिक योजना तर्जुमाको लागि कुशल परामर्शदातृ संस्थाको चयन गर्ने क्रममा धरान नगरपालिका (ध.न.पा.) को आवधिक योजना तर्जुमा गर्न मिति २०६६ साल बैशाष ०३ गते का दिन **श.वि.तथा भ.नि.वि. र सिमेका कन्सलटेण्ट प्रा.लि.**बीच संझौता भएको छ ।

## १.२ आवधिक योजनाको परिभाषा

नगरको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तीमा ५ देखि ७ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेज नगरपालिकाको आवधिक योजना हो । यो दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न, सिद्धान्त, रणनीति र कायनीति तथा प्रमुख क्रियाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको हुन्छ ।

## १.३ नीतिगत र कानुनी व्यवस्था

स्थानीय निकायहरुको जिम्मेवारी पूरा गर्न क्षमता अभिवृद्धिमा जोड दिने र ती निकायहरुलाई स्थानीय विकासको प्रमुख इकाइका रुपमा विकास गरी जनउत्तरदायी बनाउने नीति दशौं योजनाको रहे पनि अद्यापि सो नीति सान्दर्भिक छ । उक्त नीति हासिल गर्ने प्रयोजनका लागि आवधिक योजनाले ठोस सहयोग पुऱ्याउने देखिन्छ । यस सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १११(१) ले प्रत्येक नगरपालिकाले आवधिक योजना बनाउनु पर्ने अनिवार्य व्यवस्था गरी आवधिक योजनामा समेट्नु पर्ने देहाय बमोजिमका विषयहरु उल्लेख गरेको छ :

(क) नगरको भौगोलिक, आर्थिक एवं प्राकृतिक सम्पदाहरुको वर्तमान उपयोग ।

(ख) विभिन्न क्षेत्रमा तुलनात्मक लागत एवं लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरु ।

(ग) पिछडिएका जातजातिहरु एवं गरिबी भएको क्षेत्र तथा त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरु ।

(घ) महिला र बालबालिकाकोलागि आयमूलक र सीपमूलक कार्यहरु ।

(ङ) सम्पन्न भएका बिभिन्न विषय क्षेत्र अन्तरगतका आयोजनाहरुको विवरण र तिनीहरुको संचालन तथा सम्भार सम्बन्धी व्यवस्था ।

(च) विकासका सम्भावनाका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालिन एवं दीर्घकालीन विकास कार्यहरु ।

(छ) स्थानीय बासिन्दाबाटै तयार गरिनु पर्ने बिभिन्न विषय क्षेत्रका जनशक्ति विकास सम्बन्धी योजना ।

त्यसैगरी, स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १३५(१)ले आवधिक योजना बनाउने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था उल्लेख गरेको छ :

(१) ऐनको दफा १११ को उपदफा (६) बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रको विकासका लागि कम्तीमा पांच वर्षको आवधिक योजना तर्जुमा गर्नुपर्ने छ।

(२) उपनियम (१) बमोजिम तर्जुमा गरिने आवधिक योजनामा योजनाको दीर्घकालीन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी नगर क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, श्रोत परिचालन तथा आयआर्जनका सम्भावना, सरकारी एवं निजी क्षेत्रको लागत सहभागिता लगायत नगरपालिकाले गर्ने काम समावेश भएको हुनुपर्ने छ।

(३) आवधिक योजना तर्जुमा गर्दा विषयगत समितिसँग परार्मश गरी विषयगत क्षेत्रका कार्यक्रमलाई समावेश गरी अन्तिम रुप दिनुपर्ने छ।

माथिको व्यवस्थाका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १११ (७) अनुसार नगरपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरुलाई आधार लिनुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी प्रत्येक नगर क्षेत्रको विकासको निमित्त नगरस्तरीय वस्तुगत तथ्याङ्क सङ्कलन गरी वस्तुस्थिति देखिने श्रोत नक्सा तयार गर्नुपर्ने व्यवस्था ऐनको दफा ११२ मा उल्लिखित छ।

## १.४ राष्ट्रिय तथा जिल्ला आवधिक योजनासँगको सम्बन्ध

गाउँ र नगरको योमजनाबद्ध विकासबाट नै राष्ट्रिय विकास सम्भव हुन्छ। विकासका निम्ति स्थानीय बासिन्दाहरु नै योजनाकार र कार्यान्वयनकर्ता हुन्। राष्ट्रिय योजना आयोगबाट तर्जुमा भएको निर्देशिकाको आधारमा जिल्लाको समग्र विकासका लागि अधिकांश जिल्लाहरुले आवधिक योजना तर्जुमा गरिसकेका छन्। राष्ट्रिय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नमा नगरपालिकाहरुको आवधिक योजनाले महत्वपूर्ण टेवा पुऱ्याउँछ। राष्ट्रिय, जिल्ला र नगरपालिका स्तरका योजनाहरुकाबीच आवश्यक समन्वय र अन्तरसम्बन्ध हुनु जरुरी छ। त्यस्तो सम्बन्धले एक अर्काबीच तालमेल भई प्रभावकारिता कायम हुने र दोहोरोपना (Duplication) हट्न सहयोग मिल्छ। नगरपालिकाको आवधिक योजना बनाउँदा नगरपालिकासँग जोडिएका गाउँ विकास समितिहरुको वार्षिक तथा आवधिक योजना तर्जुमा भएको भए त्यसलाई समेत ध्यान दिनुपर्दछ।

## १.५ उदेश्य

यस अध्ययन कार्यको उद्देश्य, स्थानीय विकास मन्त्रालयको आवधिक योजना तर्जुमा निर्देशिका २०५९ ले आवधिक योजनालाई परिभाषित गरेको " नगरको आर्थिक, सामाजिक, साँकृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तिमा ५ देखि ७ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सिद्धान्त रणनीति र कार्यनीति तथा प्रमुख कृयाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको" भन्ने भावना अन्तर्गत रही धरान नगरपालिकाको आवधिक योजना तर्जुमा गर्नु रहेको छ।

कार्यक्षेत्रगत शर्तहरु (TOR)मा उल्लेख भए अनुसार यस आवधिक योजना तर्जुमा अध्ययनको उद्देश्य निम्नानुसार छन :

क) स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ द्वारा निर्दिष्ट प्रावधान अन्तर्गत आवधिक योजना तर्जुमा निर्देशिका तथा श.वि.तथा भ.नि.वि.का आधिकारिक निकायद्वारा निर्देशित ध.न.पा.को आवधिक योजना निर्माण गर्ने।

ख) ध.न.पा.को दीर्घकालीन सोच अनुरुप विकास लक्ष्य प्राप्त गर्न दीर्घकालीन सोच प्रस्तुतीकरण र गुरुयोजनाको तर्जुमा गर्ने।

ग) ध.न.पा.को सर्वाङ्गिण विकासको उद्देश्य लिएको यस आवधिक योजना अर्न्तगत भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, नतिजा, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सरोकारवालाहरु (Stakeholders) को पहिचानलाई समेत समेटी अल्पकालीन, दीर्घकालीन एवं सहभागितामूलक योजना तथा लगानी तयार गर्ने।

## १.६ सीमा

आवधिक योजनामा समावेश हुने कतिपय विषयहरु कानुनी रुपमा नगरपालिकाको कार्यक्षेत्रमा पर्ने हुनाले नगरपालिकाको पूर्ण नियन्त्रण र निर्देशनमा सञ्चालन हुन सक्छन् भने कतिपय विषयहरुमा नगरपालिकाले पथ प्रर्दशन मात्र गर्न सक्छ । त्यसैले नगरपालिकाको पूर्ण नियन्त्रणमा रहने क्षेत्रहरुका सन्दर्भमा आवधिक योजना विस्तृत रुपमा तयार गर्न सकिन्छ । त्यस अनुरुप वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नुपर्छ । तर नगरपालिकाको विकास कार्यक्रममा संलग्न गैरसरकारी संस्था, सामुदायिक संघसंस्था र निजी क्षेत्रका कार्यक्रमका साथै जिल्लास्तर, केन्द्र तथा वैदेशिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमहरुलाई नगरपालिकाको आवधिक योजनाले नीतिगत आधार र प्राथमिकता तोकी निर्देशित मात्र गर्न सक्दछ । नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना तथा क्षेत्रगत विकासका लागि राष्ट्रिय रुपमा तयार गरिएका दीर्घकालिन योजना तथा राष्ट्रिय नीतिहरुसँग तादाम्यता कायम गर्नुपर्ने हुन्छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९६(१) ले निम्नानुसारका क्षेत्रका कामहरु नगरपालिकाहरुले अनिवार्य रुपमा गर्नुपर्ने गरी आवधिक योजनाको क्षेत्रलाई परिभाषित गरेको पाइन्छ : (क) अर्थ, (ख) भौतिक विकास, (ग) जलश्रोत, वातावरण र सरसफाई, (घ) शिक्षा तथा खेलकुद विकास, (ङ) संस्कृति, (च) निर्माण तथा यातायात, (छ) स्वास्थ्य सेवा र संक्रामक रोग नियन्त्रण, (ज) समाज कल्याण, (झ) उधोग तथा पर्यटन, तथा (ञ) विविध ।


नगरपालिकाले गर्ने उपरोक्त कार्यहरुलाई आधार मानी आवधिक योजनामा यी सबै पक्षहरु समावेश हुनुपर्छ । नगरपालिकाको आवधिक योजना नगरपालिका क्षेत्रको विकासका समग्र पक्षहरुलाई समेटेको हुनु पर्दछ । त्यसैले स्थानगत (Spatial) योजनाको विशेषताहरुलाई समेटी तयार गरिएको बहुविषयगत आवधिक योजनाको एकीकृत स्वरुपका सम्बन्धमा स्पष्ट धारणा बनाएर मात्र योजना तर्जुमा गर्नेतर्फ अग्रसर रहनुपर्दछ ।

**यस अध्ययन कार्यले प्रस्तुत गर्ने दस्तावेजहरु निम्नानुसार छन् :**

- नगर पार्श्वचित्र
- समस्या/सवालहरु तथा चुनौती/अवसरको पहिचान एवं विश्लेषण
- नगरको दीर्घकालीन सोच अनुरुप भौतिक विकास गुरुयोजना तर्जुमा
- भौतिक विकास तथा पूर्वाधार, वातावरण, सामाजिक, आर्थिक, वित्तिय, संस्थागत विकास तथा जोखिम व्यवस्थापन जस्ता क्षेत्रहरुसंग संवद्ध विषयतगत दीर्घकालीनसोच अनुरुप तर्कबद्ध प्रणालीमा आधारित लक्ष्य, उदेश्य, नतिजा तथा कार्यक्रमहरुको पहिचान
- बहुक्षेत्रगत लगानी योजना
- कार्यान्वयन रणनीति सुझाव तथा अनुगमन

## १.७ अध्ययन विधि

आवधिक योजना तयार गर्दा अपनाईने विस्तृत प्रक्रियाको चित्रांकन चित्र नं. १.१ मा प्रस्तुत गरिएको छ ।




चित्र नं. १.१ आवधिक योजना तर्जुमा प्रक्रिया

## १.८ कार्य प्रगति विवरण

तथ्याफ तथा विविध सूचनाहरुको श्रोतको प्रारम्भिक अवस्था तथा आवधिक योजना तर्जुमाको कार्य थालनी भएको सूचना ुमैत प्रसारीत गर्ने उदेश्यले मिति २०६६ साल जेष्ठ ४ गते देखि २०६६ साल जेष्ठ १४ गते सम्म सिमेका कन्सल्टेन्ट प्रा.लि.वाट अध्ययन टोलीका विज्ञहरु श्री विनोद आचार्य, श्री सुमन कुमार कर्ण, श्री हरी श्रेष्ट बाट स्थलगत भ्रमण भएको थियो । उक्त स्थलगत भ्रमणको अवधिमा आवधिक योजना टोलीले निम्न कार्यहरु सम्पन्न गरेको थियो ।

### १.८.१ आधिकारिक ब्यक्तित्वहरुसंगको भेट

मिति २०६६ साल जेष्ठ ४ गते धरान नगरपालिकाका कार्यकारी अधिकृत **श्री राजेन्द्र कुमार पौडेल** ज्यूसँग भेटी कार्य थालनी तथा परिचयात्मक कार्य सम्पन्न गरियो । सोही दिन कार्यकारी अधिकृत ज्यूको अग्रसरतामा नगरपालिकाका अधिकृत स्तरका कर्मचारीहरुसँग आबधिक योजनासँग सम्बन्धित कार्यगत योजनाको प्रकृया सम्बन्धमा एउटा अनौपचारिक छलफल कार्यक्रमको आयोजना सम्पन्न गरियो ।

आवधिक योजनाको कार्यहरु समयमै  गर्ने र आवश्यक सहयोग तथा सल्लाह गर्ने हेतेले नगरपालिका सुचना अधिकृत श्री सुनिल नेपाल र योजना अधिकृत ई. श्री सुरज श्रेष्ठ लार्य focal Person नियूक्त गर्ने कार्य कार्यकारी अधिकृतबाट भयो ।



सुनसरी क्षेत्र नं ज्ञ का सभासद श्री किरण राई ज्यूलाई पनि आवधिक योजनाको बारेमा जानकारी



धरान नगरक्षेत्रका राजनितिक दलहरुको शयन्त्र संग आवधिक योजना वारे भएको छलफल

२०६६ साल जेष्ठ ५ गते पहिलो सत्रमा सुनसरी क्षेत्र नं १ का सभासद **श्री किरण राई** ज्यूलाई पनि आवधिक योजनाको बारेमा जानकारी गराइयो भने सोही दिनको दोश्रो सत्रमा धरान नगरपालीकाका कार्यकारी अधिकृत ज्यूको संयोजकत्वमा यस नगरपालिकाका सम्पूर्ण वडा सचिवहरुको भेला गराई यस नगरको आवधिक योजना तर्जुमा गर्नको लागि प्रत्येक वडाको तर्फबाट के कस्तो भुमिका निर्वाह गर्नुपर्छ भन्ने बारेमा जनकारी तथा छलफल सम्पन्न गरियो | सो अवसरमा नगरपालिकाका अधिकृतहरुको समेत उपस्थिति रहेको थियो |



धरान नगरपालिकाका कर्मचारी संग भएको छलफल



धरान नगरपालिकाका कार्यकारी अधिकृत संग भएको छलफल



धरान नगरपालिकाका वडा सचिवहरु संग भएको छलफल



आवधिक योजना सम्बन्धमा अभिमुखिकरण कार्यक्रममा DUDCB का सिडि द्वारा प्रसुतिकरण

मिति २०६६ बिहान ८ बजे धरान नगरपालिकाको भवनमा सर्बदलीय बैठक बसी आबधिक योजना निर्माणका बारेमा सामान्य जानकारी उपलब्ध गराई छलफल अगाडी बढायौं । छलफलका क्रममा प्राप्त सल्लाह सुझाहरुलाई ग्रहण गरी आउँदा दिनमा हामीलाई आबश्यक सहयोग गर्ने प्रतिबद्धताका साथ छलफल सम्पन्न भयो ।

सोही दिन दिउँसो हामीलाई आबश्यक पर्ने सुचना नगरपालीकाको बिभिन्न शाखाहरुबाट लिने काम भयो । साथै तथ्यांक संकलन गर्नको लागि आवश्यक पर्ने चिठ्ठीपत्रसहित दितीय स्रोत सङकलन कार्यको लागि जिल्ला सदरमुकामका कार्यालयमा सम्पर्क राखी तथ्याँङक संङकलन कार्य अगाडी बढाइयो ।

### अभिमुखिकरण प्रस्तुती

मिति २०६६ साल जेष्ठ ५ गते अभिमुखिकरण प्रस्तुती नगरपालिकाको लर्निङ सेन्टरको हलमा दिनको २ बजे नगरपालिकाका कर्मचारीहरुको उपस्थितिमा आवभिक योजनाको परिचय, उदेश्य लगायत तर्जुमा प्रकृया सम्वन्धमा अध्ययन टोलीका तर्फवाट एउटा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । यस अभिमुखिकरण कार्यक्रममा सहभागिहरुको नामावलीको फोटोकपी र कार्यपत्रको कपी अनुसुची क प्रथम प्रगति प्रतिवेदन मा उपलब्ध गराइ सकिएको छ ।



GTZ/udle का विज्ञ द्वारा प्रसुतिकरण



आवधिक योजना को लागि निर्देशक समिति गठन गर्दै ।

सुचना तथा तथ्यांकको वर्तमान अवस्था : आवधिक योजनाको पहिलो आधार विस्तृत नगर पार्श्व चित्रको निर्माण गर्न आवश्यक पर्ने विभिन्न सूचनामूलक तत्थ्याङ्कको उपलब्धता न्यून छ ।

### १.८.३ कार्यालय स्थापना तथा जनशक्ति ब्यवस्थापन

सिमेका कन्सल्टेन्टको तर्फबाट जानु भएको अध्ययन टोलीको तर्फवाट २०६६/२/४ गतेका दिन नगरपालिकाको कार्यकारी अधिकृत तथा अन्य कर्मचारीहरुको विचमा आवधिक योजना सम्बन्धी छलफल गरी सोही दिन देखि लागु हुने गरी नगरपालिका प्राङ्गणमा कार्यालय स्थापना गरी आवधिक योजना कार्यको शुरुवात गरियो । यसको साथसाथै आवधिक योजना प्रत्यक्ष रुपले संलग्न हुने गरी नगरपालिकाका कर्मचारी समेतबाट प्रतिवद्धता प्राप्त भयो । आवधिक योजनाको लागि आवश्यक तथ्यांक संकलन गर्न विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरुलाई पत्राचार गरियो ।

### १.८.४ सहमती तथा निर्णय पुस्तिका

१.८.४.१ निर्देशक समिति गठन तथा पूर्णता

मिति २०६६/२/२१ गतेका दिन धरान नगरपालिकाको कर्मचारी DUDBC, GTZ /udle, सिमेका कन्सल्टेन्ट, राजनैतिक पार्टी, सरकारी कार्यालयको प्रतिनिधि लगाएत नगरका भद्र भलादमीको उपस्थितिले आवधिक योजना निर्माणको लागि धरान नगरपालिकाका कार्यकारी निर्देशक श्री राजेन्द्र कुमार पौडेल (नगर प्रमुख) को संयोजकत्वमा ६५ सदस्यीय निर्देशक समिति गठन गऱ्यो । सो भेलामा जम्मा ५२ जनाको उपस्थिति रहेको थियो । सो भेलामा सहभागी हुन नसकेका सरोकारवालाहरुलाई समेत निर्देशक समितिमा समावेश गरिएको थियो । भेलाका सहभागीहरुको नामावली र निर्देशक समितिको स्वरुप तथा नामावली विवरणको माईन्युट प्रतिलिपि अनुसुची “१” मा राखिएको छ ।

१. कार्य समिति /निर्देशक समिति

| | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | | संयोजक | धरान नगरपालिकाका प्रमुख |
| २. | | प्रतिनिधि | ए.ने.क.पा. |
| ३. | | प्रतिनिधि | नेपाली कांग्रेस |
| ४. | | प्रतिनिधि | नेकपा एमाले |
| ५. | | प्रतिनिधि | सद्भावना पार्टी |
| ६. | | प्रतिनिधि | राष्ट्रिय जनमुक्ती पार्टी |
| ७. | | प्रतिनिधि | मञ्च सम्बद्ध सं लिम्बुवान रा.प. |
| ८. | | | उद्योग वाणिज्य संघ, सुनसरी-१ |
| ९. | श्री मनोज कुमार मेयाङ्गबो | | पूर्व नगर प्रमुख |
| १०. | श्री कृष्ण नारायण पालिखे | | पूर्व नगर उपप्रमुख-१४ |
| ११. | श्री राजेन्द्र प्रसाद शर्मा-१४ | | |
| १२. | श्री राजविमल श्रेष्ठ | | |
| १३. | श्रीमती सरला कायस्था | | |

| | | | |
|---|---|---|---|
| १४. | श्री हरिप्रसाद दाहाल | | |
| १५. | श्री कृष्ण प्रसाद श्रेष्ठ | | संस्थापक, उपसभापति |
| १६. | श्री विनुमान मोते-१० | | |

### १.८.४.२ विषयगत समितिहरुको नाम र प्रतिनिधि :

२. भौतिक पूर्वाधार विकास समिति / २०६६/३/२३

| क.स. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री चोत्लुङ्ग सुब्बा | संयोजक | ए.ने.क.माओवादी |
| २ | सुरज श्रेष्ठ | सदस्य सचिव | इञ्जिनियर, न.पा. |
| ३ | | सदस्य | जिल्ला प्राविधिक कार्यलय |
| ४ | | सदस्य | सडक डिभिजन कार्यलय |
| ५ | | सदस्य | खानेपानी डिभिजन कार्यलय |
| ६ | | | नेपाल विद्युत प्राधिकरण |
| ७ | | | नेपाल टेलिकम -४ |
| ८ | | | नेपाल खानेपानी संस्थान, धरान-१३ |
| ९ | | | उद्योग वाणिज्य संघ, सुनसरी |
| १० | | | निर्माण व्यवसायी संघ |
| ११ | | | ईन्जिनियरिङ्ग, अध्ययन संस्थान, पूर्वाञ्चल क्याम्पस |
| १२ | | | धरान नगर विकास समिति |
| १३ | श्याम गोविन्द श्रेष्ठ | | पूर्व उपप्रमुख |
| १४ | | | यातायात व्यवसायी राष्ट्रिय महासंघ |
| १५ | | | दातृ संस्था |

३.सामाजिक विकास समिति

| क.स. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री तारा सुब्बा | संयोजक | नेकपा एमाले |
| २ | सुनील नेपाल | सदस्य सचिव | सुचना अधिकृत, कार्य समिति, निर्देशन समिति |
| ३ | | सदस्य | जिल्ला जनस्वास्थ्य कार्यालय |
| ४ | | सदस्य | जिल्ला शिक्षा कार्यालय |

| | | | |
|---|---|---|---|
| ५ | | सदस्य | खानेपानी डिभिजन कार्यालय |
| ६ | | | अपाङ्गता क्षेत्रबाट |
| ७ | | | दलित उत्थान समन्वय समिति |
| ८ | | | नेपाल बसोबास संरक्षण समाज |
| ९ | | | विकास साझेदार संस्था समन्वयन समिति |
| १० | | | महिला क्षेत्रबाट |
| ११ | | | एकल महिला समूह |
| १२ | | | आदिबासी जनजाति |
| १३ | | | खेलकुद क्षेत्रबाट |
| १४ | | | धार्मिक/सांस्कृतिक क्षेत्रबाट (मन्दिर, गुम्बा, मस्जीद, चर्च) |
| १५ | | | कला साहित्य क्षेत्र |
| १६ | | | गरीबी न्युनीकरण तथा सामाजिक परिचालन |
| १७ | मनोज मेयाङ्गवो | | नागरिक समाज-८ |
| १८ | तिलक राई | | नागरिक अनुगमन तथा सरोकार मञ्च-१८ |
| १९ | | | नेपाल पत्रकार महासंग, सुनसरी-१२ |
| २० | | | अन्य जातजाति |
| २१ | | | मधेसी, मुस्लीम, मसुराम |
| २२ | | | बालबालिका क्षेत्र, उप्का नेपाल, धरान-९ |
| २३ | | | भूपू सैनिक, गेसो-१०, सैनिक भवन |
| २४ | | | विपीको स्वा. वि. प्र. |
| २५ | | | नगर शिक्षा समिति |
| २६ | | | रोटरी/रोट्रयाम्ट क्लव अफ धरान घोपा |
| २७ | | | नेपाल परिवार नियोजन संघ-८ |
| २८ | | | नेपाल रेडक्रस सोसाईटी |
| २९ | | | लुमन्ती -९, नरेन्द्र पथ |
| ३० | | | सम्यक शिक्षा समूह |
| ३१ | | | WCAC |
| ३२ | | | नेपाल महिला एकता समाज |
| ३३ | | | UNICEF |
| ३४ | | | DACAW |

| | | | |
|---|---|---|---|
| ३५ | मोहन श्रेष्ठ | | समाज शास्त्री |

## ४. आर्थिक विकास समिति

| क.स. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री किशोर राई | संयोजक | ने.का. |
| २ | भेषराज अधिकारी | सदस्य सचिव | लेखा अधिकृत |
| ३ | | सदस्य | आन्तरिक राजस्व कार्यालय, धरान-१६ |
| ४ | | सदस्य | जिल्ला विकास समिति, सुनसरी |
| ५ | | सदस्य | मालपोत कार्यालय, सुनसरी |
| ६ | | | उद्योग वाणिज्य संघ, सुनसरी |
| ७ | | | औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय-८, तिनकुने |
| ८ | | | गेसो जिल्ला कार्य समिति |
| ९ | | | होटल एशोसिएसन अफ धरान-६ |
| १० | | | धरान एशोसिएसन अफ ट्राभल एजेन्टस् |
| ११ | | | वि.पिको स्वा. वि.प्र. |
| १२ | | | नगर शिक्षा समिति |
| १३ | श्री राजेन्द्र प्रसाद शर्मा | | अर्थविद् |
| १४ | श्री राजविमल श्रेष्ठ | | अर्थविद् |
| १५ | श्री विनुमान मोते | | अर्थविद् |
| १६ | | | धरान पर्यटन विकास समिति |
| १७ | | | छिमेकी गा.वि.स.हरु |
| १८ | | | वैंक, वित्तिय, सहकारी संस्थाहरु |
| १९ | | | खुद्रा व्यापारीहरुको प्रतिनिधि |
| २० | | | सुनचादीं व्यवसायी संघ |
| २१ | | | धरान हङ्कङ्ग मञ्च |
| २२ | | | धरान यूवा मञ्च |
| २३ | | | भरतीय भूपू सैनिक प्रहरी-१३ |
| २४ | | | नेपाली भूपू सैनिक प्रहरी-१३ |
| २५ | | | अन्य |

## ५. संस्थागत विकास समिति

| क्र.स. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री मोहन मगराती मगर | संयोजक | ने.क.पा. एकिकृत |
| २ | गणेश खतिवडा | सदस्य सचिव | प्रशासकिय अधिकृत |
| ३ | | सदस्य | युडिएलई/जिटिजेउ |
| ४ | | सदस्य | विज्ञहरु |
| ५ | | सदस्य | स्थानीय विकास मन्त्रालय |
| ६ | | | प्रशासन शाखा |

## ६. वातावरण विकास समिति

| क्र.स. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री विवेक राई | संयोजक | राष्ट्रिय जनमुक्ति पार्टी |
| २ | भक्ति राज शर्मा | सदस्य सचिव | समाज कल्याण अधिकृत |
| ३ | | सदस्य | इलाका वन कार्यालय-८ |
| ४ | | सदस्य | भूसंरक्षण कार्यालय |
| ५ | | सदस्य | खानेपानी डिभिजन कार्यालय |
| ६ | | | नगर स्तरीय वातावरण समन्वयन समिति |
| ७ | | | वतावरण उप समिति |
| ८ | | | वि.पि.को स्वा. वि.प्र.वातावरण विभाग |
| ९ | | | सामुदायिक वन उपभोक्ता महासंग |
| १० | | | सेड नेपाल |
| ११ | | | सिम एन आयोजना-१३ |
| १२ | | | जल उपभोक्ता समिति |
| १३ | | | IUCN |
| १४ | | | उप्का नेपाल |
| १५ | | | यातायात व्यवसायी राष्ट्रिय महासंग-६ |
| १६ | | | जलाधार संरक्षण |
| १७ | | | औद्योगीक क्षेत्र व्यवस्थापन कार्यालय |
| १८ | | | विज्ञहरु |

## ७. वित्तीय विकास समिति

| क्र.स. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री गोवर्द्धन शाह | संयोजक | सदभावना पार्टी |
| २ | खगेन्द्र खतिवडा | सदस्य सचिव | कर अधिकृत |
| ३ | | सदस्य | आन्तरिक राजस्व कार्यालय |
| ४ | | सदस्य | मालपोत कार्यालय |
| ५ | | | उद्योग वाणिज्य संघ, सुनसरी |
| ६ | | | वित्तिय संस्था,सहकारी, वैंक |
| ७ | | | मडवाडी सेवा समिति, धरान-२ |
| ८ | | | विज्ञहरु |
| ९ | | | राष्ट्रिय व्यापार संगठन |

८. प्रकोप व्यवस्थापन समिति

| क्र.स. | व्यक्तिको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री काजी लिम्बु | संयोजक | मञ्च सम्बद्ध संघीय लिम्बुवान रा.प. |
| २ | राजु पोखरेल | सदस्य सचिव | इन्जिनियर, न.पा. |
| ३ | | सदस्य | भूसंरक्षण कार्यालय, सुनसरी |
| ४ | | सदस्य | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय |
| ५ | | सदस्य | UNDP |
| ६ | | | उप्का नेपाल |
| ७ | | | नेपाल रेडक्रस सोसाईटी |
| ८ | | | दमकल उपशाखा |
| ९ | | | नेपाल बसोबास संरक्षण समाज |
| १० | | | धरान जेशीज-३ |
| ११ | | | रोटरी क्लव अफ धरान, धोपा |
| १२ | | | रोट्रयाम्ट क्लव अफ धरान। धोपा |
| १३ | | | नेपाल परिवार नियोजन |

निर्देशक समिति र विषयगत समिति को लागि प्रतिनिधि तोकेर पठाइ दिनु हुने अनुरोध गर्दै विभिन्न सरकारी, गैर सरकारी कार्यालयहरुमा पत्र पठाइ दिने निर्णय गरी बैठक तथा कार्यक्रम सम्पन्न गरियो ।

|  |  |
|---|---|
| वडा नं. १२ को वडा भेला | वडा नं. ७ को वडा भेला |

### १.८.५ वडा भेला

मिति २०६६/०२/२३ गतेका दिन वडा नं. ८ को सुकुम्वासी वस्ती शहिद रत्न मार्गमा वडा भेला गरी कार्यक्रमको सुरुवात गरीयो । दिन २०६६/०२/२३ देखि २०६६/०२/२९ गते सम्म पत्राचार भएका कार्यालयहरुबाट Secondary तथ्यांकहरु संकलन गर्ने काम गरियो र यसै दौरान २०६६/०२/२८ का दिन धरान नगरपालिकाको वडा सचिवहरुको बैठक डाकेर आगामि वडा भेलाहरुको मिति तय गरियो । यस भेलाको मिति तालिका निम्न रहेका छन् ।

मिति २०६६/०२/३० गते १ र ४ वडा नं.
मिति २०६६/०२/२३ गते १२ र १९ वडा नं.
मिति २०६६/०३/१ गते ५, ६ र ७ वडा नं.
यस वडा भेलाको सम्बन्धी कार्यको सुचना सम्प्रेश्ण स्थानिय पत्रिका श्री ब्लाष्ट टाईम्स र श्री मर्निङ टाईम्सबाट समेत सुसुजित गरियो।

वडा भेलामा आवश्यकता पहिचान गरी त्यसको प्राथमिकिकरण समेत गरी आवधिक योजनामा समावेश गर्ने निर्णय गरियो यस निर्णय र उपस्थितिको विवरण अनुसुची १ मा राखिएको छ । वडा भेलामा आवश्यकता पहिचान गरी सम्पुर्ण वडा भेला कार्यक्रम सम्पन्न गरियो । वडा भेलाको माइन्ट प्रतिलिपि अनुसुची १ मा समावेश गरिएको छ ।

### १.८.६ "दिर्घकालिन सोच निर्धारण" कार्यशाला गोष्ठी

"दिर्घकालिन सोच" कार्यशाला गोष्ठी धरान न.पा.को दुई दिनको "दिर्घकालिन सोच" कार्यशाला गोष्ठी मिति मिति २०६६ साल मंसिर २१ र २२ गते ध.न.पा. का प्रमुख एवं कार्यकारी अधिकृत ज्यूको अध्यक्षतामा संञ्चालन गरिएको थियो । यस वृहत गोष्ठीमा मा स्थानीय राजनैतिक पार्टीका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, बुद्धिजीवी, महिला एवं सीमान्तकृत वर्गका प्रतिनिधिहरु, ध.न.पा.मा सक्रिय सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, ध.न.पा.का कर्मचारीहरु लगायतका सहभागीहरुबीच व्यापक छलफल एवं अन्तक्रिया गराई कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । पहिलो दिन मिति २१ गते श.वि. तथा भ.वि. विभागका डि.ई. प्रमोद कर्माचार्य, GTZ / udle का शहरी योजनाविद् ईश्वर जोशी एवं आवधिक योजना टोली प्रमुख अजय चन्द्रलालबाट योजनाको बारेमा प्रस्तुत गर्नुभएको थियो । सो कार्यशालामा धरानको वस्तुस्थिति, तथ्याङ्क र पहिचान गरिएका आवश्यकता र क्षेत्रको बारेमा प्रस्तुतीकरण गरी सम्पन्न गरियो ।
दोस्रो दिन मिति २२ गतेको कार्यशाला गोष्ठीबाट धरान नगरपालिकाको दिर्घकालिन सोच "शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापारिक पूवाधार, वहुसांस्कृतिक, आवासीय, समृद्ध शहर" निर्धारण गरिएको थियो । दिर्घकालिन सोच पुरा गर्नको लागी यसका अग्रणी क्षेत्र शिक्षा, स्वास्थ्य, व्यापारिक पूर्वाधार, पर्यटन, आवास, र बहु सांस्कृतिक लाई प्रमुखता दिने निर्णय गरियो । प्रत्येक अग्रणीक्षेत्रको आधारमा सहायक क्षेत्र प्रमाणित गर्ने आधार, सवल र दुर्वल

पक्ष साथै अवसरहरु र चुनौतिहरु समेतको पहिचान गर्न विभिन्न छ वटा समुह विभाजन गरी प्रस्तुतीकरण गरी कार्यशाला गोष्ठी सम्पन्न भएको थियो ।